# उपाध्यक्ष श्री खमला थापा मगरद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य

# दोरम्बा शैलुङ गाउँपालिका

टोकरपुर, रामेछाप

बागमती प्रदेश, नेपाल

२०८२

## १.१ परिचय

**श्रद्धेय सभाध्यक्ष ज्यू, सभा सदस्य ज्यूहरु,**

आज मिति २०८२ असार १० गतेका दिन नेपालमा ऐतिहासिक गणतन्त्र प्राप्त पश्चात जारी नेपालको संविधान (२०७२) ले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय सरकारको रुपमा रहेको दोरम्बा शैलुङ गाउँपालिका, रामेछापको सत्रौं गाउँ सभामा आर्थिक वर्ष २०८२/८३ को आय-व्ययको वक्तव्य यस गरिमामय सभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले उपस्थित भई प्रस्तुत गर्न पाउदा गौरवान्वित महशुस गरेको छु। यस अवसरमा उपस्थित सम्पूर्ण गाउँ सभा सदस्यज्यूहरु लगायत उपस्थित सम्पूर्णमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु।

सर्वप्रथम, यो देशको ऐतिहासिक गणतन्त्र स्थापना गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको निर्माण गरी यो देश र जनतालाई स्वतन्त्र र सार्वभौम सत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु । साथै घाइतेजनहरुमा उच्च सम्मान प्रकट गर्दै स्वास्थ्य लाभको कामना गर्दछु। नेपालको राष्ट्रियता, अखण्डता, स्वाधिनता र गणतन्त्र प्राप्तिको संघर्षमा नेतृत्व र योगदान गर्नु हुने विर पूर्खाहरु तथा अग्रजनहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु । यस गाउँपालिकाका नागरिकका सामाजिक, आर्थिक, विकास निर्माण लगायतका क्षेत्रमा समृद्धि हासिल गर्न स्थानीय सरकारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याई एकताबद्ध रहेका गाउँबासी, राजनीतिक नेतृत्व, नागरिक समाज, विविध संघ-संस्था लगायत सम्पूर्णलाई हृदय देखि नै आभार प्रकट गर्न चाहन्छु।

यसै सिलसिलामा नेपाल सरकारले स्थानीय तहको निर्वाचन, राष्ट्रिय गौरवका आयोजनाहरुमा पुऱ्याइएको योगदान लगायतका अन्य विविध कार्य सम्पन्नताका लागि नेपाल सरकार प्रति दोरम्बा शैलुङ गाउँपालिका उच्च सम्मानका साथ हार्दिक आभार प्रकट गर्दछ।

नेपाल सरकारले लिएको "**समृद्ध नेपाल, सुखी नेपाली**" को परिकल्पना पूरा गर्नु संघीय सरकार, प्रदेश सरकारको साथ साथै स्थानीय सरकारको दायित्व आफैमा छ । यस परिकल्पना पूरा गर्नका लागि गाउँपालिका हरपल लागि रहने जानकारी यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु। नेपालको वर्तमान संविधानमा भएको व्यवस्था बमोजिम प्रत्येक स्थानीय तह एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ भन्ने उल्लेख गरे अनुसार नै यस गाउँपालिकाले पनि आफ्ना समग्र विकासका गतिविधि सञ्चालन गरी जनतालाई स्थानीय सरकारको आभाष दिलाउनु आफैंमा जटिल विषय रहेको भएतापनि गाउँपालिकाका समग्र जनप्रतिनिधि र कर्मचारीको अथक प्रयासले चुनावी सभाहरुमा हामीबाट गरिएका प्रतिवद्धता पूरा गर्ने कार्यमा कुनै कसर बाँकी नराख्ने कुरा समेत पुनः स्मरण गराउन चाहन्छु।

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

यस गाउँपालिका विशेष गरी प्राकृतिक तथा ऐतिहासिक दृष्टिकोणबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा चिरपरिचित रहेको छ । यिनै प्राकृतिक तथा ऐतिहासिक महत्वको जगमा रहेर विकास निर्माणका कार्यहरु सञ्चालन गरी आम नागरिकलाई स्थानीय सरकारको आभाष दिलाउनु आफैंमा चूनौतीपूर्ण कार्य रहेको भए तापनि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सिमित साधन स्रोत र गाउँपालिकाको न्यून आन्तरिक आय स्रोतको अधिकतम परिचालन गरी दिगो विकासको लक्ष्य हासिल गर्नु पर्नेछ।

दोरम्बा शैलुङ गाउँपालिकाले यस क्षेत्रको समग्र विकास निर्माणका कार्यहरु गर्दै लैजान हरेक वर्ष वार्षिक रुपमा योजना तथा कार्यक्रमहरु ठोस रुपमा तयार गरी अगाडि बढ्नु जरुरी छ । जसका लागि सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, राजनीतिक दल, विविध संघ-संस्थाहरु, स्थानीय आम नागरिक सबैको गहन सहभागितामा प्रस्तुत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा पूर्ण सफल हुने आशाका साथ चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक समिक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १.२. गाउँपालिकाको समग्र विश्लेषण

### १.२.१ सबल पक्ष

अब म दोरम्बा शैलुङ गाउँपालिका, रामेछापको सबल पक्षहरुको समिक्षा गर्न चाहन्छु ।

१. दोरम्बा शैलुङ गाउँपालिकाको रहेको मुख्य सडकहरु पूँडिटार-थापागाउँ सडक, बहखोला गुराँसे रजमन्टार, गाल्पा दोरम्बा ओखेनी टोकरपुर, टोकरपुर पासेवन गौश्वाराको केहि भाग, , शैलुङ खोला खर्क सडक, मेग्रे नागथली सुर्के सडक गरि करिव २५ कि.मी सडक स्तरोन्नती गर्ने काम भएको छ । चौरिखोला लखनपुर सडकको कालोपत्रे गर्न तयारी अवस्थामा रहेको छ । आगामी दिनमा उक्त कार्यलाई निरन्तरता दिइने छ ।
२. दिगो तथा प्रभावकारी स्वास्थ्य सेवाको पहुँचको पहिलो चरणका रुपमा रहेको संस्थागत सुत्केरी हुने संख्यामा उल्लेखनीय वृद्धि भएको छ । साथै सुत्केरी अवस्थामा आमाको मृत्यु र बच्चाको मृत्यु शुन्य दरमा कायम गर्न सफल भएको छ । साथै गाउँपालिकालाई पुर्ण खोपको सुनिश्चितता कायम गरिएको छ ।
३. स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धि गर्दै सहज स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति व्यवस्थापन भएको छ ।
४ . गाउँपालिकाबाट वितरण गरिने सम्पूर्ण प्रकारका सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणालीबाट वितरण गर्ने कार्य गरिएको छ । साथै अपाङ्गता भएका र अशक्त जेष्ठ नागरिकहरुलाई सेवा सुबिधा दिनको लागि घरधुरी स्तरमा गई परिचय पत्र वितरणको कार्य भएको छ ।
५ . गाउँपालिकाको मूख्य आयस्रोतको सम्भावना रहेको कृषि उत्पादनमा आत्मनिर्भर बनाउनका लागि प्रविधिमैत्री कृषि क्षेत्र तथा कृषि आधुनिकरणलाई टेवा पुर्‍याउनका लागि कृषकहरुलाई कृषि सामग्रीहरु वितरण गरिएको छ । चालु आ.ब.मा ७७ थान मिनीटिलर वितरण गरि कृषिमा यान्त्रीकिकरण गरिएको छ साथै तरकारी विउ-विजन र बिषादी निःशुल्क वितरण गर्ने कार्य सम्पन्न भएको छ ।
६. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सहितको समानुपातिक र दिगो विकासको मुख्य आधारका रुपमा रहेको सामाजिक विकासतर्फ समाजमा सामाजिक, आर्थिक लगायत निर्णय गर्ने तहमा वञ्चितिकरणमा परेका लक्षित वर्गका लागि विनियोजित बजेट तथा कार्यक्रमअन्तर्गतको सातै वडामा स्थलगत रुपमा अपाङ्गता परिचयपत्र वितरण शिविर, बस्तीस्तरमा स्थानीय सरकारको उपस्थितिको आभाष दिलाउन सफल भएको छ ।
७. शिक्षामा सबैको समता र समानतामूलक सहभागिताका लागि प्रभावकारी शैक्षिक कार्यक्रमहरु सञ्चालन भएको छ ।
८. गाउँपालिका भित्रका विद्यार्थिहरुलाई खेलकुदमा आबद्ध गर्न खेल शिक्षकको व्यवस्था गरि गाउँपालिका भित्र कराते र तेक्वान्दोका खेलाडीहरु तयार भएको छन् ।
९ . चालु आ.ब.मा गाउँपालिकामा बाढी तथा पहिरोले ठुलो जनधनजनको क्षती भएको छ । विपद्मा परेका घर तथा व्यक्तिहरुको खोज तथा उद्दार अस्थायी वासस्थान लगायत विपद व्यवस्थापनमा गाउँपालिकाले आवश्यक पहलकदमी लिएको छ ।

१० विपदका कारणले क्षती भएका संरचनाको  लागी कोषको परिचालन गरि क्रमश पुनर्निर्माण गर्ने कामको थालनी भएको छ ।
११. कृषि उत्पादनमा वृद्धि गर्नका लागि मुख्य कृषि भूमिहरुमा केहि सिंचाईको व्यवस्था गरिएको छ ।
१२. आलु, किवी, एभोकाडो, टिमुर तथा किवी उत्पादन क्षेत्रको पहिचान गरी कृषि पकेट क्षेत्र विकास कार्यक्रम कार्यन्वयनमा ल्याइएको छ ।
१३ पशुपालन व्यवसायलाई प्रबर्धन गर्न गाउँपालिकाबाट व्यवसायीहरुलाई अनुदान प्रदान गरिएको छ ।
१४. प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी तवरले कार्यान्वयन गरिएको छ । बैदेशिक रोजगारमा जाने व्यक्ति तथा परिवारलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्शका लागी विभिन्न कार्यक्रमहरु सन्चालन गरिएको छ ।
१५. राजश्वका दरहरुलाई फराकिलो बनाई चालु आ.व.मा पनि आन्तरिक आयमा सुधार ल्याउन आवश्यक पहलकदमी भएको छ ।

## १.२.१ कमजोर पक्ष

१. विपदले ठुलो जनधनको क्षती भएको र क्षती भएका संरचनाहरु पुन निर्माणको लागी आवश्यक बजेटको अभाव भएकोले सबै संरचनाहरु निर्माण गर्न सकिएको छैन ।

२ आन्तरिक आयस्रोत न्यून भएको कारणले गर्दा ठूला प्रकृतिका विकास निर्माणका कार्यहरु पुरा गर्न सकिएको छैन ।

२. भौगोलिक अवस्थिति लगायतका विविध कारणले गर्दा गाउँपालिकाले अपेक्षित रुपमा राजस्व संकलन गर्न सकिएको छैन ।

३. कृषि तथा पशुपालन क्षेत्रमा युवा जनशक्ति खपत गरी अपेक्षित रुपमा रोजगारी सिर्जना गर्न नसकिएकोले युवा जनशक्तिलाई वैदेशिक रोजगारमा जानबाट रोक्न सकिएको छैन ।

४. संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने समानीकरण अनुदानहरु कटौती हुँदै जानु ।

## १.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति

**सभाध्यक्ष ज्यू,**

यस गाउँपालिकाको वार्षिक, नीति तथा कार्यक्रम तर्जुमाका लागि देहायका पद्धतिहरु अवलम्बन गरिएको छ ।

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,

- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वितिय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएका प्रावधानहरु,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा सङ्कट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

**१.२. आयोजना प्राथमिकीकरणका आधारहरु**

यस गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि योजना तथा कार्यक्रम छनौट गर्दा तपसिलमा उल्लेखित आधारहरुलाई लिई छनौट तथा प्राथमिकीकरण गरेको छ ।

- आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- उत्पादनमुलक र छिटो प्रतिफल दिने ।
- राजश्व परिचालनमा योगदान पुऱ्याउने ।
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने ।
- लैङ्गिक समानता, सामाजिक समावेशिकरणको अभिवृद्धि हुने ।
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान हुने ।
- समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने ।
- संविधानले दिशानिर्देश गरेका मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु बमोजिम स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउने ।
- समाजका सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसंख्यक, सीमान्तकृत, अशक्त र असहायहरुको सशक्तिकरण गर्न स्थानीय तहलाई विकासको मूलप्रवाहमा ल्याउन उपयोग गर्नुपर्ने ।
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने ।
- स्थानीय तहले आवश्यक देखेको अन्य विषयहरु ।

**नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त बजेट सिलिङ सम्बन्धी पत्रमा उल्लेख शर्त तथा निर्देशन अनुसारका आयोजना तथा कार्यक्रम प्राथमिकताका आधारहरु :–**

- आधारभूत तथा माध्यामिक शिक्षा सम्बन्धी कार्य,
- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी कार्य,
- कृषि तथा पशुपालन, कृषि व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्य,
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन सम्बन्धी कार्य,
- स्थानीय खानेपानी सम्बन्धी नीति, योजना कार्यान्वयन र नियमन एवम् खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन सम्बन्धी कार्य,

- सामुदायिक भूसंरक्षण, स्थानीय पहिरो नियन्त्रण र व्यबस्थापन सम्बन्धी कार्य,
- खेलकुद विकास र प्रवर्द्धन सम्बन्धी कार्य,
- स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमता बीचको वित्तीय अन्तर परिपूर्ति गर्नमा प्रयोग गर्नेकार्य,
- सरकारी सेवाहरु न्यूनतम र समतामूलक रुपमा नागरिकहरुलाई बासस्थानको आधारमा भेदभाव नहुने गरी प्रदान गर्न उपयुक्त मात्रामा स्रोत साधनहरु उपलब्ध गराउन उपयोग गर्ने कार्य,
- राष्ट्रिय मापदण्ड र राष्ट्रिय लक्ष्य बमोजिम काम कारबाहीहरु सम्पादन गर्नका लागि उपयोग गर्नेकार्य,
- नतिजामूलक र उद्देश्यपरक ढङ्गले तोकिएको कार्यमा खर्च गर्नेकार्य,
- सार्वजनिक सेवा र आर्थिक सामाजिक विकासका क्षेत्रमा उपयोग गर्नेकार्य,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

## २. आगामी आर्थिक वर्ष २०८२/८३ को नीति, बजेट तथा कार्यक्रम

### २.१ सोच

**"कृषि र पर्यटनमा मुख्य सुधार, दोरम्बा शैलुङ गाउँपालिका समृद्धिको मूल आधार"** भन्ने नारालाई यर्थाथतामा ल्याई समृद्ध दोरम्बा शैलुङ निर्माण गर्ने ।

### २.२ लक्ष्य

पर्यटन, कृषिमा आधुनिकीकरण, शिक्षा र स्वास्थ्यमा सबैको पहुँच, दिगो भौतिक पूर्वाधारको विकास, दिगो समावेशी, समानुपातिक विकास र स्वरोजगारमूलक कार्यक्रमलाई सँगसँगै लैजाने र गाउँपालिकाका सबै वडाका सडकहरुको स्तरोन्नती गर्दै दीर्घकालिन सडक सञ्जाल निर्माण गरी कृषि क्षेत्रमा व्यवसायीकरण, बजारीकरण तथा यान्त्रिकीरणलाई प्रोत्साहित गर्दै दिगो आर्थिक वृद्धि हासिल गरी जीवनस्तरमा सुधार ल्याउनु ।

### २.३ उद्देश्य

यस बजेटका उद्देश्यहरु निम्नानुसार लिइएको छ ।

१) दिर्घकालिन भौतिक पूर्वाधार र आधुनिक कृषिको विकास गरी आर्थिक विकासमा जोड दिने ।
२) दिगो आर्थिक श्रोत अभिवृद्धि गर्दै वित्तिय आत्मनिर्भरता बढाउनेतर्फ विशेष पहल गर्ने ।
३) जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, शारीरिक अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी र दीगो विकासको अवधारणा आत्मसात गर्ने ।
४) पर्यटकीय गन्तव्यहरुको विकास, प्रवर्द्धन गरी पर्यटन व्यवसायमा जोड दिने ।
५) शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार गरी दक्ष जनशक्तिको निर्माण गर्ने र स्वास्थ्य सेवामा सबैको पहुँच सूनिश्चित गर्ने ।
६) प्राविधिक शिक्षा प्रणाली लागु गरी दक्ष जनशक्तिको उत्पादन गर्ने ।

३. **अपेक्षित उपलब्धी**

**सभाध्यक्ष ज्यू**

अब म आगामी वर्ष २०८२/८३ को वार्षिक बजेटले तपसिलमा उल्लेखित उपलब्धि हासिल हुने देखि यो गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

### ३.१ पूर्वाधार विकासतर्फ

- मुख्य सडकहरु  कालोपत्रे गर्ने कार्य निरन्तर भएको हुनेछ ।
- राजमार्गबाट प्रत्येक वडा केन्द्र जोड्ने सडक स्तरोन्नती भएको हुनेछ ।
- खानेपानी समस्या परेको समुदायको घर-घरमा स्वच्छ खानेपानी सुविधा भएको हुनेछ ।
- पूर्ण सरसफाईयुक्त समुदाय (प्रत्येक घरमा शौचालय, फोहोर व्यवस्थापन) भएको हुनेछ ।
- स्थानीय, कला र संस्कृति प्रवर्द्धन गर्दै आर्थिक उपार्जन वृद्धि भएको हुनेछ ।
- समतामूलक र सामाजिक सद्भावपूर्ण विकास भएको समुदाय हुनेछ ।

### ३.२ आर्थिक विकासतर्फ

- कृषि र पशुपालनलाई व्यवसायिकरण गरी आर्थिकस्तर वृद्धि गर्नका लागि विशेष अनुदानको व्यवस्था भएको हुनेछ ।
- आन्तरिक तथा बाह्य पर्यटन विकास गरी समुदायको आम्दानीस्तर वृद्धि भएको हुनेछ ।
- आधुनिक कृषि प्रणाली विकास गर्न युवाको सहभागिता र कृषि उपजलाई सहज रुपमा बजारीकरण भएको हुनेछ ।
- साना उद्योग तथा व्यवसाय वृद्धि भएको हुनेछ ।
- सहकारीमार्फत उत्पादन क्षेत्रमा लगानी वृद्धि भएको हुनेछ ।
- कृषि क्षेत्रलाई प्रवर्द्धन गरी कृषि उत्पादन अभिवृद्धि गर्न अनुदानका कार्यक्रमहरु सञ्चालन भएको हुनेछ ।
- राजश्वको दायरा फाराकिलो बनाई आन्तरिक राजश्वमा वृद्धि भएको हुनेछ ।

### ३.३ सामाजिक विकासतर्फ

- सबै बालबालिका विद्यालयमा भर्ना भएको, बालबालिकाको उपस्थिति दर वृद्धि गर्दै सिकाई स्तर सुधार भएको हुनेछ ।
- सहज माध्यमिक तथा उच्च शिक्षा र कृषि तथा प्राविधिक शिक्षा प्रवर्द्धन भएको हुनेछ ।
- प्रत्येक वडामा एक/एक जना कृषि विज्ञान, पशु विज्ञान तथा सब ओभरसियर पढ्ने विद्यार्थीलाई छात्रवृद्धिको व्यवस्था भएको हुनेछ ।
- एउटा नमूना आवासीय विद्यालयका लागि आवश्यक पूर्वाधार विकास भएको हुनेछ ।
- प्रत्येक वडाका माध्यमिक विद्यालयमा नेपाल स्काउटको सञ्जाल भएको हुनेछ ।
- शिक्षालाई प्रविधिमैत्री बनाउदै प्रभावकारी वैकल्पिक प्रणाली मार्फत् सिकाइ सहजीकरण भएको हुनेछ ।
- प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवा प्राप्त गरेको हुनेछ ।
- कृषि उत्पादन वृद्धि गर्ने साना सिंचाई सुविधा प्राप्त गरेको हुनेछ ।

- विद्युतीकरण र वैकल्पिक उर्जा प्रवर्द्धन भएको हुनेछ ।
- दोरम्बा प्राथमिक अस्पतालबाट सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ । साथै स्वास्थ्य बीमा कार्यक्रमको प्रथम सेवा केन्द्रको रुपमा प्रभाबकारी कार्यन्वयन भएको हुनेछ ।

### ३.४ वन वातावरण तथा विपद व्यवस्थापनतर्फ

- वनजङ्गल संरक्षण गर्दै बहुमूल्य जडिबुटी उत्पादनका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गरी उत्पादन तथा बजारीकरणको व्यवस्था हुनेछ ।
- उत्पादनमूलक भू-संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रण भएको हुनेछ ।
- समुदायमा विपद व्यवस्थापन तथा पूर्व तयारी योजना, ज्ञान तथा सीप विकास भएको हुनेछ ।
- पूर्ण सरसफाई युक्त दोरम्बा शैलुङ गाउँपालिका निर्माण तथा घोषण गरिनेछ ।
- विपद् व्यवस्थापनमा युवा जनशक्तिलाई जोडिने छ ।

### ३.५ संस्थागत क्षमता विकास तथा वित्तिय सुशासन तर्फ

- तोकिएको समय अवधिमा अनलाईलन मार्फत घटना दर्ता भएको हुनेछ ।
- स्थानीय सरकारको सेवा प्रवाह पारदर्शी तथा जवाफदेही भएको हुनेछ ।
- वित्तिय सुशासन कायम गर्नमा थप योगदान पुर्‍याएको हुनेछ ।
- सामाजिक सुरक्षा भत्ता बैकिंक प्रणाली मार्फत् वितरण गर्नको लागि थप सेवा केन्द्रको व्यवस्था भएको हुनेछ ।

**सभाध्यक्षज्यू**

अव म क्षेत्रगत विषयतर्फ विनियोजन गरिएको रकमको केही संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

### १. आर्थिक विकासतर्फ

यस गाउँपालिकाको पशु सेवा शाखाबाट पशु सेवा सम्बन्धी कार्यक्रम सञ्चालनका लागि विविध कार्यक्रम सञ्चालन गर्ने गरी रु ३२ लाख रुपैयाँ बजेट विनियोजन गरेकी छु । जसमा कृषकहरुलाई व्यावसायिक तवरले पशु व्यवसाय सञ्चालन गर्ने तर्फ कृषकलाई उत्प्रेरित गर्ने प्रकृतिका कार्यक्रम सञ्चालन गरिनेछ । कृषि तर्फ अनुदानमा आधारित आधुनिक कृषि औजार उपकरण वितरण, विउ विजन वितरण, हिउदे र वर्षे फलफुल विरुवा वितरण पकेट क्षेत्र विस्तार लगायतका कार्यक्रमका लागि रु ६५ लाख ५४ हजार रुपैयाँ बजेट विनियोजन गरेकी छु ।

### २. सामाजिक विकासतर्फ

यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार, सर्वसुलव स्वास्थ्य सेवाको विस्तार, महिला, बालबालिका, जनजाति, दलित, अपाङ्ग, जेष्ट नागरिक, अतिसिमान्तकृत तथा अल्पसंख्याकहरुको क्षमता विकासका विविध गतिविधिहरु सञ्चालन गर्नका लागि संघिय सरकार र प्रदेश सरकारको शसर्त अनुदान बाहेक रु १ करोड ९२ लाख ३९ हजार रुपैयाँ बजेट विनियोजन गरेकी छु ।

**३. पूर्वाधार विकासतर्फ**
गाउँपालिकाको सिमित आन्तरिक श्रोत रहेको र केन्द्र एवं प्रदेश सरकारबाट प्राप्त सिमित स्रोतबाट जनताका असिमित चाहना पूरा गर्नु आफैमा जटिल विषय छ । आम जनताका वस्तीस्तर र वडा भेलाबाट आएका मागहरु क्षमता विकास भन्दा पनि सडक निर्माणमा मात्र सिमित देखिएकोले पूर्वाधार क्षेत्रमा संघिय सरकार र प्रदेश सरकार सशर्त बाहेक करिव ११ करोड ९१ लाख रुपैयाँ बजेट विनियोजन गरेकी छु ।

**४. वन वातावरण तथा विपद व्यवस्थापनतर्फ**
भौगोलिक रुपमा विषम भुगोल रहेको र भुक्षयतर्फ विभिन्न समस्याहरु विद्यमान रहेका तथा विपद् कारण आगामी आ.व.मा विपद् व्यवस्थापनको लागी यस विषयगत क्षेत्रमा ६२ लाख बजेट विनियोजन गरेकी छु ।

**५. क्षमता विकास, सेवा प्रवाह तथा वित्तिय व्यवस्थापन**
गाउपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधाको गुणस्तर नै हाम्रो उपलब्धिका सूचक हुन । सेवा प्रवाहलाई आम नागरिकमैत्री बनाउनका लागि गाउँपालिका र वडा कार्यालयहरुबाट घटना दर्ताका क्रियाकलाप अनलाईन प्रणालीबाट गर्न लगायतका कार्य गर्न न्यायिक समिति समेत गरी चालु खर्च बाहेक रु १४ लाख ७० हजार व्यवस्था गरेकी छु ।

आम उपभोक्ताहरुलाई योजना तथा कार्यक्रम संचालन सम्वन्धी कानुनी जानकारीका अभावमा विगतका वर्षमा सञ्चालित योजनाहरुमा वेरुजु देखिएको सर्न्दभलाई मध्यनजर गरी वडास्तरमा उपभोक्ता समितिहरु गठन भएपश्चात उपभोक्ता समितिहरुलाई अनुशिक्षण गर्ने कार्यलाइ समेत प्राथमिकता दिएको छु ।

**६. उद्योग, पर्यटन र सहकारी विकास**
यस गाउँपालिकामा उद्योग, पर्यटन र सहकारी को विकासका लागि १० लाख बजेट विनियोजन गरेकी छु ।

**सभाध्यक्ष ज्यू,**
आम नागरिकहरुको सेवा सुविधाका लागि अहोरात्र खटिरहेका छौ तर हामीले गरेका काम कारवाहीको जानकारी पर्याप्त पुऱ्याउन सकिएको छैन । जसलाई न्यूनिकरण गर्नका लागि आगामी वर्ष यस गाउँपालिकाको ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक र विकासात्मक गतिविधिहरुलाई प्रभावकारी बनाउन सेवाग्राहीहरुको प्रभावकारी संलग्नता गर्ने नीतिगत व्यवस्थालाई जोड गरेकी छु ।

**श्रद्धेय सभाअध्यक्ष ज्यू, सभासदस्य ज्यूहरु,**

अव म आगामी वर्षका लागि विनियोजन गरेको बजेट सारांश प्रस्तुत गर्न चाहन्छु ।
दोरम्बा शैलुङ गाउँपालिका, रामेछापको आगामी वर्षका लागि आय तर्फ संघीय सरकारबाट वित्तिय समानीकरणतर्फ रु ११ करोड ७४ लाख, संघीय सरकार राजश्व बाँडफाँडबाट रु ८ करोड १४ लाख, ११ हजार, संघीय सरकार सशर्त अनुदान पूँजिगत १ करोड ७० लाख, संघीय

सरकार सशर्त अनुदान चालु २१ करोड २१ लाख, प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदानतर्फ रु १ करोड २२ लाख ५३ हजार, प्रदेश सरकार सशर्त अनुदानतर्फ पुँजिगत रु ५० लाख , प्रदेश सरकार सशर्त अनुदानतर्फ चालु रु १ करोड ३३ लाख २९ हजार प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर वापत रु ३ करोड ४२ लाख ८७ हजार प्रदेश सरकार समपुरक अनुदान ३ करोड ४ लाख, प्रदेश सरकार बिषेश अनुदान पुँजिगत ६५ लाख, आर्थिक वर्षको अन्त्यको बाँकी रहने २ करोड र आन्तरिक राजस्व वापत रु ७५ लाख हुने अनुमान गरेकी छु ।

विनियोजन तर्फ चालुमा रु ३५ करोड ५३ लाख ४० हजार ५ सय  र पूँजिगतमा रु २० करोड १८ लाख ४० हजार रुपैयाँ बजेट विनियोजन गरेकी छु । चालुतर्फ विनियोजित रकममा सेवा प्रवाह, तलव भत्ता लगायतका, शिक्षकको तलब लगायत कार्यालय सञ्चालनकालागि विनियोजन गरिएको छ । पूँजिगत रकममा आर्थिक विकास, सामाजिक पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास तथा वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्युनीकरण र सुशासनमा न्यायीक समिति समेतमा विनियोजन गरि गाउँपालिकाको गौरवका आयोजना संचालन गर्ने लक्ष्य राखी रकम विनियोजन गरी कुल रकम रु.**५५,७१,८०,५०१** (**अक्षरुपी रु. पचपन्न करोड एकहत्तल लाख असी हजार पाँच सय एक रुपैयाँ मात्र**) गाउँपालिकाको सञ्चित कोषबाट खर्च गर्ने गरी विनियोजन गरेको व्यहोरा सभा समक्ष पेश गर्दछु ।

**सभाध्यक्ष ज्यू, सभासदस्य ज्यूहरु,**

**अन्त्यमा,**
यो बजेट तर्जुमा गर्दा मार्गनिर्देशन गर्नु हुने श्रद्देय गाउँपालिका अध्यक्षज्यू, विभिन्न विषयगत समितिका  संयोजक एवं सदस्यज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गर्न सहयोग गर्नु हुने सर्वपक्षीय भेला, टोल सुधार समिति, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू एवम् सबै कर्मचारी मित्रहरु प्रति सुझावका लागि आभारी छु । आमागी वर्षको यो बजेट कार्यान्वयमा सबै पक्षको सहयोग रहने अपेक्षा गरेकी छु । साथै गाउँपालिका भित्र वा वाहिर रहनु भएका सवै स्थानीय आमा बुवा दाजु भाई दिदि वहिनी, सवै पेशा वर्ग र क्षेत्रमा आवद्ध आम जनसमुदायमा यस बजेट तथा कार्यक्रम सफलतापूर्वक कार्यन्वयनमा  साथ दिनुहुनेछ भन्ने अपेक्षा राख्दछु ।

**धन्यवाद।**

**श्री खमला थापामगर**
**उपाध्यक्ष**

मितिः २०८२ असार १०